# प्रेस विज्ञप्ती

ऐतिहासिक, औद्योगिक तथा व्यापारिक केन्द्रको रुपमा स्थापित बिराटनगर र वीरगञ्ज नगरक्षेत्रलाई स्थानीय जनताको माग, उक्त क्षेत्रमा उपलब्ध आर्थिक एवं भौतिक पूर्वाधार तथा जनसंख्या, बिभिन्न राजनैतिक दलहरु र मा. सांसदहरूसंग गरिएको छलफलमा समेत तराई-मधेश क्षेत्रमा उक्त नगरलाई महानगरपालिका बनाउनु पर्ने सर्वसम्मत सुझाब आएको, भावनात्मक रुपमा तराईमा रहेका उपमहानगरपालिकाहरूलाई महानगरपालिका बनाउँदा जनता-जनता बीचको पारस्पारिक सम्बन्धमा समेत सकारात्मक प्रभाव पर्ने देखिएको तथा महानगरपालिकालाई आवश्यक पर्ने क्षेत्रफल, जनसंख्या र अन्य पूर्वाधारयुक्त विषयहरू संवैधानिक तथा कानुनी व्यवस्था र स्थानीय तहको आवश्यकता अनुसार भविश्यमा पनि थप क्षेत्र विस्तार गर्दै लान सकिने संभावनालाई समेत ध्यान दिई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।२।१७ गतेको निर्णय अनुसार बिराटनगर र वीरगञ्ज उपमहानगरपालिकामा हाल कायम रहेका वडा संख्या र सीमाना यथावत रहने गरी महानगरपालिका घोषणा गरिएको छ । यसबाट उक्त महानगरपालिकाहरू आर्थिक तथा भौतिक विकासका दृष्टिले समुन्नत भई नमूना महानगरपालिकाको रुपमा स्थापित हुने विश्वास मन्त्रालयले लिएको छ ।

मितिः २०७४।०२।१७

रुद्रसिंह तामाङ  
**प्रवक्ता**